# सूर्यगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चोकदे, नुवाकोट, वागमती प्रदेश, नेपाल ।

*"स्वस्थ, शिक्षित, समृद्ध पर्यटकीय सूर्यगढी"*

२०८२/०८३

**सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) र सुचनाको हक सम्बन्धि नियमावलि २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सुचना विवरण ।**

**(मिति २०८२/०४/०१ देखि २०८२/११/३० गते सम्मको विवरण)**

१. **इतिहासः**

बागमती प्रदेश, नुवाकोट जिल्ला सूर्यगढी गाउँपालिकाको कार्यालय वडा नं.-३ चोकदे स्थित यस ऐतिहासिक क्षेत्र अन्तर्गत सूर्यगढी, चन्द्रगढी र बागेश्वरी मन्दिर रहेको छ । सो क्षेत्र जिल्ला सदरमुकाम विदुर देखि १७ कि.मि. र काठमाण्डौं देखि ८५ कि.मि. को दुरिमा रहेको छ । जस्को उचाई समुन्द्रि सतह देखि १६७३ कि.मि. र यहाको हावा पानि मझौला तथा समशीतोष्ण रहेको छ । वि.सं. १८४९ मा नेपाल चिन तिब्बत युद्दको बखत नेपाली सेनाले सूर्यगढीको निर्माण गरेको थियो यो युद्द नायव बहादुर शहाको शासनमा भएको थियो । यस डाँडाका गढीहरु मध्ये सबै भन्दा अग्लो र सुरक्षित टाकुरामा अबस्थित सूर्यगढी काजि दामोदर पाण्डेको कमाण्डमा तैनाथ थियो । उत्तरी मोडा तर्फ भएको त्यस युद्दमा संयुक्त फौज पराकित भयो र परिणाम स्वरुप बेत्रावती सन्धि हुन गयो । यस बाट नेपालको स्वतन्त्र र स्वाभिमानको र अखण्डताको रक्षा भयो । उक्त घट्नाको महत्वपुर्ण हिस्साको रुपमा यो क्षेत्रको ऐतिहासिक पुरातात्विक र सास्कृतिक महत्व रहेको छ । ति स्थलहरु नेपाल चिन सास्कृतिक सम्बन्धका धरोहर बन्न गए त्यस घटना अघि र पछि पनि प्राचिन समय देखिनै नेपाल र छिमेकि देश चिनका बिच असल सम्बन्ध गरि आएको छ ।

२. **निकायको स्वरुप र प्रकृतिः**

यस सूर्यगढी गाउँपालिका स्थापना नेपालको संविधान स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम संघिय संरचाना अन्तर्गत स्थानीय सरकारको रुपमा नुवाकोट जिल्लाको साबिका ४ वटा गा.वि.स.(लच्याङ गा.वि.स. ,बागेश्वरी गा.वि.स. , हल्देकालिका गा.वि.स. र गणेशस्थान गा.वि.स.) मिलि यस ५ वटा वडाहरु मिलि यस गाउँपालिका स्थापना भएको हो । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १४,९१९ र यहाँ ३८२९ घरधुरी रहेका छन् । र यस गाउँपालिको कुल क्षेत्रफल ४९.०९ बर्ग कि.मि. मा फैलिएको छ ।

### ३. निकायको काम,कर्तब्य र अधिकारः

यस गाउँपालिका नेपालको संविधानको अनुसुचि ८ मा स्थानीय तहको एकल अधिकारको सुचि र अनुसुचि ९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची स्थानीय सरकार संचालन ऐन २०७४, संघ र बागमती प्रदेश काकुन बमोजिम स्थानीय तह सम्बन्धि जारि गरिएका ऐन,नियम तथा अन्य कानुनि प्राभधानहरु समय,समयमा जारि हुने परि पत्रहरु एवंम सूर्यगढी गाउँपालिकाको स्थानीय कानुनहरु र निर्णयहरु समेतले तोके बोजिमको काम,कर्तब्य र अधिकार निर्दिष्ट गरएको छ ।

### ४. निकायमा रहने कर्मचारीको विवरणः

यस गाउँपालिकामा स्थाई करार समायोजन भई आएका काम,काजमा खटिएका कर्मचारीहरुको संख्या कर्मचारीको सेवा र प्रचलिल कानुनको अधिनमा रहि नियुक्ति भएका कर्मचारीहरु छन् । यस गाउँपालिकाको कार्यालय-१, वडा कार्यालय-५,स्वास्थ्य संस्थाको संख्या-५, पशु सेवा केन्द्र-२ र कृषि सेवा केन्द्र-१ रहेको छ । र तत् प्रशासनिक एकाइबाट नियमित रुपमा सेवा प्रवाह गर्दै आएको छ । र यस गाउँपालिका अन्तर्गत २७ वटा सामुदायिक विद्यालय रहेका छन् जस्मा ९ वटा माध्यामिक विद्यालय रहेको छ ।

### ५. निकायबाट प्रदान गरिने सेवाः

यस गाउँपालिकाले नेपालको संविधान स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गाउँपालिका भित्र को विकास निर्माण, नियमन, व्यबस्थापन, सामाजिक विकास र गाउँपालिकाको अभिछिन्न अभ्यासहरुको अधिनमा रहि स्थानीय सरकारको रुपमा सेवा सुविधाहरु प्रदान गर्दै आएको छ ।

### ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस गाउँपालिकाबाट सेवा सुविधा प्रवाह गर्नका लागि सम्बन्धि कार्यसँग शाखा, एकाई र केन्द्र रहेको छन् । भने वडाको हकमा वडा कार्यालयहरु रहेका छन् । शाखा,एकाई र केन्द्रहरुका प्रमुखहरु आ-आफ्नो कार्यप्रति जिम्मेवार रहने व्यबस्था गरिएको छ ।

### ७. निकायबाट प्रदान गरिने सेवा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अबधिः

यस गाउँपालिकाले प्रदान गर्ने बिधिन्न प्रकारको सेवा,सुविधामा लाग्ने सुल्क एवंम कार्यमा लाग्ने समयाबधि, विवरण यस गाउँपालिकाले हरेक आर्थिक बर्षका लागि गाउँसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय कानुन, नागरिक वडा पत्र समेत बाट निर्धारण गरिन्छ । यस सम्बन्धित व्यबस्था यस गाउँपालिका वेबसाइट www.suryagadhimun.gov.np मा समेत उल्लेख गरिएको छ । साथै सुचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम दस्तुर लिने व्यबस्था गरिएको छ । सेवा प्राप्त गर्ने अबधिको हकमा

प्रचलित कानुनमा अन्यथा लेखिएकोमा बाहेक सामान्यतयाः निवेदन पेश भएको दिनम नै सेवा प्रवाह गर्ने गरेको छ ।

**८. निर्णय गर्ने प्रकृया र अधिकारीः**

नेपालको संविधान २०७२ स्थानीय सकराकर संचालन ऐन २०७४ तथा अन्य प्रचलित कानुनको अधिनमा रहि अधिकार प्रत्यायोजन भएको सिमा सम्मको निर्णय सम्बन्धित शाखा, प्रमुख बाट हुने र अन्य प्रशासकीय तथा नितिगत निर्णयहरु अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत कार्यपालिका तथा गाउँ सभाबाट हुने गरेको छ । विकास निर्माणको हकमा सम्बन्धित विषयगत समितिले नीतिगत निर्णय गर्ने गरेको छ ।

**९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

यस गाउँपालिकाबाट प्रदान गरिएको सेवाम चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी वा प्रमुख प्रशासकीय अधिकृत समक्ष गुनासो राख्न सकिने व्यबस्था गरेको छ । यसका साथै कार्यालयको परिसरमा गुनासो पेटिका ,उजुरुरी पेटिकाहरु समेतको व्यवस्था गरिएको छ ।

**१०.सम्पादन गरेको कामको विवरणः**

नेपालको संविधान स्थानीय सरकार सञ्चालन ऐन २०७४ संघ, र प्रदेश सरकार, गाउँपालिकाबाट जारी भएका ऐन,नियम, निर्देशिका, कार्यविधिले तोके बमोजिमका काम,कारवाहीहरु तथा पालिका स्तरीय विकास योजना अनुसारका कार्यक्रमहरु नियमितरुपमा सम्पादन हुदैं आईरहेको छ ।सम्पादन गरेका कामको विवरण चौमासिक रुपमा गाउँपालिकाको वेबसाइट www.suryagadhimun.gov.np मा राख्ने ब्यस्था मिलाईएको छ ।

**११.सुचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः**

| | |
|---|---|
| कार्यालय प्रमुखको नामः | श्री शैलेश किरण राई चाम्लिङ |
| पदः | प्रमुख प्रशासकीय अधिकृत |
| इमेल ठेगानाः | meraichamling@gmail.com |
| सम्पर्क नं. | ९८५११२४३२६ |

| | |
|---|---|
| सुचना अधिकारीको नामः | कृष्ण के.सी. |
| पदः | जनस्वास्थ्य निरिक्षक (सुचना अधिकारी) |
| इमेल ठेगानाः | kishnunkc@gmail.com |
| सम्पर्क नं. | ९८५१०२२८७४ |

**१२.ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सुची:**

संघिय सरकार र बागमती प्रदेश सरकारबाट स्थानिय तहका लागि जारि गरिएका कानूनका अतिरिक्त यस गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रहेर जारि गरिएका कानुनहरु स्थानी राजपत्रमा प्रकाशन गरि सूर्यगढी गाउँपालिकको वेबसाइट www.suryagadhimun.gov.np मा राख्ने ब्यस्था मिलाईएको छ ।

**१३.आम्दानी,खर्च तथा कारोवार सम्बन्धि अध्यावधिक विवरण:**

यस गाउँपालिकाको आम्दिन खर्च तथा आर्थिक कारोवार सम्बन्धि विवरणहरु सूर्यगढी गाउँपालिकाको वेबसाइट www.suryagadhimun.gov.np मा राख्ने गरिएको छ ।चालु आ.ब. २०८२/०८३ को फाहुन मसान्त सम्ममा भएको आर्थिक कारोबारको विवरण यस प्रकार रहेको छ ।

सूर्यगढी गाउँपलिका

गाउँ कार्यपालिकको कार्यालय

चोकदे, नुवाकोट ।

क्षेत्रगत बजेट

**आ.ब.२०८२/०८३ अवधी २०८२/०४/०१ देखि २०८२/११/३० गते सम्म**

| क्र.स. | क्षेत्र/उप क्षेत्र | बिनियोजित | खर्च | खर्च % | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ११५५०,०००।- | २७२९३३२.५० | २३.६३ | ८८२०६६७.५०।- |
| २ | स्वास्थ्य | ३१४१९८००।- | १२१७८१३.३४।- | ३८.५९ | १९२९९१८६.६६।- |
| ३ | कृषि | ३३,०००००।- | ६५२७९२।- | १९.७८ | २६४७२०८।- |
| ४ | उघोग | १३,०००००।- | ५९२२३६।- | ४५.५५ | ७०७७६४।- |
| ५ | सहकारी | ५,०००००।- | ० | ० | ५,०००००।- |
| ६ | पशु विकास शाखा | ३९,५००००।- | १२९५८५७.५०।- | ३२.८० | २६५४१४२.५०।- |
| ७ | शिक्षा | १४,७४८६०००।- | ६,७८५३२९७.१०।- | ४६ | ७,९६३२७०२.९०।- |
| ८ | लैगिक समानता तथा सामजिक समावेशिकरण | ६,५०,०००।- | २,२६०९७।- | ३४.७८ | ४२३९०३।- |
| ९ | युवा तथा खेलेकुद | ३७,०००००।- | ० | ० | ३७,०००००।- |
| १० | महिला वालबालिका तथा जेष्ठ नागरिक शाखा | ५०,०००।- | ० | ० | ५०,०००।- |
| ११ | पुर्वाधार विकास शाखा | १४,६३३३३३३३।- | ४,५२४८६३५।- | ३०.९२ | १०,१०८४६९८।- |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | विपद व्यबस्थपन | ३१,०००००।- | २५,०००००।- | ८०.६४ | ६,०००००।- |
| १३ | कानुन तथा न्याय | ४,३१०००।- | ६९४६०।- | १६.११ | ३,६१५४०।- |
| १४ | अनुगमन तथा मुल्याङ्कन | ५,०००००।- | ० | ० | ५,०००००।- |
| १५ | प्रशासकीय सुशासन | ११,४०३०००।- | ३२४७४६८।- | २८.७४ | ८१५५५३२।- |
| १६ | कार्यलय संचालन तथा प्रशासनीक | ७२,३५६१८५.७४ | ३६०८३११५.७४।- | ४९.८६ | ३६,२७३०३०।- |
| १७ | श्रम तथा रोजगार | ३९,४४,०००।- | ५,८०९९०।- | १४.७३% | ३३,६३०१०।- |

१४.**तोकिए बमोजिम अन्य विवरणः**

नियमानुसार तोकिए बमोजिमका विवरण आवश्यताका आधारमा यस गाउँपालिकाको वेबसाइट www.suryagadhimun.gov.np मा राखे गरिएको छ ।साथै सबै सार्वजनिक सुचनाहरु गाउँपालिकाको वेबसाइट www.suryagadhimun.gov.np मा र फेसबुक पेजमा राखे गरिएको छ ।

१५.**अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरणः**

कुनै पनि आयोजना संचालन नगरिएको ।

**१६.सार्वजनिक वेबसाइड भए सोको विवरणः**

सूर्यगढी गाउँपालिकासंग सम्बन्धि संक्षिप्त विवरण एंवम अन्य सुचना तथा जानकारीको लागि सूर्यगढी गाउँपालिकाको आधिकारिक वेबसाइट www.suryagadhimun.gov.np रहेको छ ।

१७.**सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता,ऋण, अनुदान एवंम प्राविधिक सहयोगः**

यस गाउँपालिकाले कनै पनि प्रकारको हाल सम्म बैदेशिक सहायता,ऋण, अनुदान एवंम प्राविधिक सहयोग पाएको छैन ।

१८.**सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदनः**

सूर्यगढी गाउँपालिकाले संचालन गरिएका कार्यक्रमहरु आ.ब.२०८२/०८३ को बजेट निति तथा कार्यक्रम अन्तर्गत रहेको छ । सोको प्रगति प्रतिवेदन चौमासिक रुपमा गाउँपालिकाको वेबसाइट www.suryagadhimun.gov.np रहेको छ ।

**१९.सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधिः**

यस गाउँपालिकाले सुचना विवरण तथ्याङ्क एवंम आवश्यक दस्ताबेजहरुको बर्गिकरण गरेको छैन तर त्सयस्ता सुचनाहरु प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ । प्रचलित कानुनले गोप्य राख्नु पर्ने भनि तोकिएका विषय बाहेक सबै विषयहरु सुचना दिन योग्य रहने छन् ।

**२०.सार्वजनिक निकायमा परेका सुचना माग सम्बन्धि निवेदन र सो उपर सुचना दिईएको विषयः**

रितपुर्वक निवेदन माग भए बमोजिम सुचना दिने व्यबस्था गरिएको छ ।

**२१.सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाश भएका वा हुने भएको भए सोको विवरणः**

महत्वपुर्ण सुचनाहरु राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै यस गाउँपालिकाको वेबसाइट www.suryagadhimun.gov.np र Facebook पेजमा राख्ने गरिएको छ ।